पान नं.६११२०४३९८

द.नं.: ३१०० / ०७० / ०७१

# हेमजा युनाईटेड

पो.म.न.पा-२५, हेमजा, कास्की

स्था: २०७०

पत्र संख्या:-

चलानी नं.:-

मिति: २०८२/जेठ/०१


कृष्णमान श्रेष्ठ
अध्यक्ष
९८६९१८९५४८
ईन्द्र बहादुर कुँवर
उपाध्यक्ष
९८४६२६५४१४
महादेव अधिकारी
सचिव
९८५६०५३३९३
निराजन अधिकारी
९८४६५१९५११
कोषाध्यक्ष
वसन्तराज अधिकारी
सह-सचिव
९८४६०१४३९८

सदस्यहरु :
भेग ब. सापकोटा(गौतम)
९८४६७४०४३७
राम बहादुर सापकोटा(राजु)
९८०५८३०७९४
ईश्वर सापकोटा
९८६४४३३६२३
विवेक नेपाली
९७०४६०२५५७
शौरभ कार्की
९८०३७२६८४१
मधुसुदन बाँस्तोला
९८४६५२५९२५
सिता नेपाली
९८०४१४१४८३
बाबुराम दाहाल
९८५६०४६५१४
मनोज त्रिपाठी
९८१४१४८३०४
सुधिर कुमार थापा
९८०६६६९६८९


**श्रीमान् अध्यक्ष ज्यू,**
पोखरा महानगरपालिका
कार्यालय वडा नं............

विषय : टिम सहभागिता सम्बन्धमा

महोदय,

प्रस्तुत विषयमा "युवा एकता र विकासका लागि खेलकुद" भन्ने मुल नाराका साथ पोखरा महानगरपालिका भित्रका सबै वडालाई समावेश गरि **अन्तर वडा स्तरिय फुटबल प्रतियोगिता - २०८२ ३५वर्ष माथि उमेर समुह** अन्तर्गतको प्रतियोगिता यही जेठ १० गते देखी जेठ १७ गते सम्म गौरीशंकर खेल मैदान पोखरा -२५ हेमजा मिलनचोकमा आयोजना गरिएकोले तपशिलको मिति र स्थानमा यहाँको वडाबाट टिम सहभागिता र दर्ताको लागि हार्दिक अनुरोध गर्दछौं ।

कार्यक्रम तालिका

टिम दर्ता गर्नुपर्ने मिति: २०८२ जेठ ८ गते विहिबार ५:३० बजे सम्म टिम दर्ता गर्ने
स्थान : हेमजा युनाईटेडको सम्पर्क कार्यालय मिलनचोक (भुपु सैनिक फेन्सी पसलसँगै)
टिम दर्ता शुल्क : दर्ता शुल्क रु १०,०००।- (अक्षरुपी दश हजार मात्र)

पुरस्कार विवरण:

क. प्रथम पुरस्कार नगद रु १,११,१११/ ट्रफी,मेडल र प्रमाणपत्र
ख. द्वितिय पुरस्कार नगद रु ५५,५५५/ ट्रफी,मेडल र प्रमाणपत्र
ग. उत्कृष्ट विधागत पुरस्कार तपशिल बमोजिम
सर्वाधिक गोलकर्ता : नगद रु २०००/ट्रफी
उत्कृष्ट गोलरक्षक : नगद रु २०००/ट्रफी
उत्कृष्ट डिफेन्डर : नगद रु २०००/ट्रफी
उत्कृष्ट मिडफिल्ड : नगद रु २०००/ट्रफी
उत्कृष्ट फरवार्ड : नगद रु २०००/ट्रफी
घ.प्रतियोगिता अवधिभरको सर्वोउत्कृष्ट खेलाडिलाई रु५०००। र ट्रफी प्रदान गरिनेछ ।
ङ. क्वाटरफाइनल देखिका म्याचहरुमा म्यान अफ दि म्याच घोषणा गरि ट्रफी प्रदान गरिनेछ।

थप जानकारीका लागि:
प्रतियोगिता संयोजक : इन्द्र बहादुर कुँवर ९८०४१-५१३१७
टिम समन्वय संयोजक : सौरभ कार्की ९८०३७-२६८४१

| ...................... | ...................... | ...................... |
|---|---|---|
| इन्द्र बहादुर कुँवर<br>प्रतियोगिता संयोजक | महादेव अधिकारी<br>सचिव | कृष्णमान श्रेष्ठ<br>अध्यक्ष |

# हेमजा युनाईट्रेड

**अन्तर वडा स्तरीय** फुटबल प्रतियोगिता_२०८२

**पोखरा कास्की**

**प्रतियोगिता नियमावली**

परिच्छेद-१

प्रारम्भिक

**पृष्ठभुमिः**

हेमजा युनाईटेड द्वारा **"युवा एकता र विकासको लागि खेलकुद"** भन्ने मुल नाराका साथ पोखरा महानगरपालिका भित्रका सबै वडालाई समावेश गरि अन्तर वडा स्तरीय भेट्रान्स कप गरिने भएकोले पोखरा महानगरपालिका -२५ हेमजाको आयोजन तथा हेमजा युनाईटेडको सञ्चालनमा हुने **अन्तर वडा स्तरीय फुटबल प्रतियोगिता २०८२ -३५ वर्ष माथिको उमेर समुह** को यो नियमावली जारी गरिएको छ ।

**नियम(१) संक्षिप्त नाम तथा प्रारम्भ :**

क) यस प्रतियोगिताको नाम अन्तर वडा स्तरीय फुटबल प्रतियोगिता २०८२ हुनेछ र अंग्रेजीमा यस प्रतियोगितालाई Inter Ward Football Tournment-2025 भनिने छ ।

ख) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

**नियम(२) परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा

क) आयोजक भन्नाले पोखरा -२५ हेमजालाई र सञ्चालक हेमजा युनाईटेडलाई सम्झनु पर्दछ ।

ख) उपसमिति भन्नाले हेमजा युनाईटेडे प्रतियोगिता संचालनार्थ अनुसार गठित विभिन्न उपसमितिहरु प्रतियोगिता समिति,अनुशासन समिति, स्वास्थ्य समिति आदिलाई सम्झनु पर्दछ ।

ग) प्रतियोगिता भन्नाले अन्तर वडा स्तरीय फुटबल प्रतियोगिता २०८२ ३५ वर्षमाथि उमेर समुह लाई सम्झनु पर्दछ ।

घ) टिम भन्नाले हेमजा युनाईटेड द्वारा आयोजना हुने अन्तर वडा स्तरीय फुटबल प्रतियोगिता २०८२ मा रितपर्वक दर्ता भई सहभागि हुने पोखरा महानगरपालिका भित्रका वडाहरु सम्झनु पर्दछ ।

छ) प्रायोजक भन्नाले प्रतियोगिता सञ्चालनार्थ आर्थिक वा जिन्सी सहयोग गर्ने संस्था वा व्यक्तिलाई सम्झनु पर्दछ ।

## परिच्छेद -२

आयोजक, प्राविधिक तथा खेल सञ्चालन

**नियम(३) आयोजक तथा व्यवस्थापकः**

यस प्रतियोगिताको आयोजक पोखरा महानगरपालिका - २५ हेमजा हुनेछ । हेमजा युनाइटेड सञ्चालक हुनेछ र प्रतियोगिता सम्वन्धि सम्पुर्ण प्राविधिक व्यवस्थापनको उत्तरदायित्व Hemja United द्वारा गठीत प्रतियोगिता व्यवस्थापन समितिले बहन गर्ने छ ।

**नियम (४) खेल स्थल र सञ्चालन मितिः**

प्रतियोगिताको सम्पूर्ण खेलहरु Hemja United को गौरीशंकर खेल मैदान पोखरा-२५, मा हुने मिति २०८२ जेठ १० गते देखि सञ्चालन गरिनेछ ।

**नियम (५) आयोजक समिति तथा अन्य उपसमितिहरु :**

क) पोखरा महानगरपालिका - २५ हेमजा यस प्रतियोगिताको मुल आयोजक समितिको रुपमा कार्यरत रहनेछ भने सम्पुर्ण व्यवस्थापनको जिम्मेवारी हेमजा युनाईटेडले बहन गर्नेछ ।

ख) आयोजक समिति अन्तर्गत आवश्यकता अनुसार विभिन्न उपमितिहरु गठन गर्ने अधिकार हेमजा युनाईटेडमा निहित रहनेछ ।

**नियम (६) प्राविधिक पक्ष तथा अनुगमन :**

यस प्रतियोगिता सञ्चालनार्थ आवश्यक प्राविधिक सहयोग,समन्वय र अनुगमन कास्की जिल्ला फुटवल एन्फा र पोखरा महानगरपालिका - २५ हेमजाको वडा कार्यालय बाट हुनेछ ।

**नियम(७) प्रायोजकः**

आयोजक समितिले विभिन्न शर्तहरु र कानुनी अधिनमा रहि आर्थिक वा जिन्सी सहयोग गर्ने कम्पनी,सघं, संस्था व्यक्तिहरुसँग दुई पक्षिय सहमतिमा प्रायोजक सम्वन्धी सम्झौता गर्नेछ ।

**नियम(८) टिम सहभागिताः**

क) पोखरा महानगरपालिका का सबै वडाहरुले आयोजकले निर्धारण गरेको समयमा रीतपुर्वक टिम दर्ता गराई यस प्रतियोगितामा सहभागिता हुन पाउनेछन् ।

**नियम (१०) खेलाडी तथा अफिसियल दर्ता :**

क) वडाबाट दर्ता भएका खेलाडी तथा अफिसियलहरुले वडाको सिफारिसमा मात्र यस प्रतियोगितामा समावेश हुन पाउने छन् तथा सम्बन्धित वडा वाट सो वडाका कर्मचारी तथा जनप्रतिनिधिहरु पनि खेलमा समाबेश हुन पाउने ।

ख) यस प्रतियोगितामा प्रत्येक वडाले १८ जना खेलाडीहरु, १ कोच, १ म्योजर गरी २० जना खेलाडी तथा अफिसियलको फोटो सहितको खेलाडी दर्ता फारम बुझाउनु पर्नेछ टिम मेनेजरले खेल्न पाउनेछ तर उमेरको हद बन्दी लाग्नेछ ।

ग) ३५ वर्ष माथिको भेट्रास प्रतियोगिता भएकोले खेलाडीहरु २०४७ साल चैत ३० गते सम्म जन्म भएको हुनु पर्ने । यो मिति पछि जन्मेका खेलाडिहरुलाई समाबेश गर्न पाइने छैन ।

घ) प्रत्येक वडाको सिफारिस सँगै खेलाडिहरु सम्वन्धित वडाको हुनु पर्ने, खेलाडिहरुले आफ्नो नागरिकता अथवा अन्यत्र बाट बसाईं सरि आएको भए सम्बन्धित वडामा बसाईसराई गरेको प्रमाण पेश गर्नुपर्नेछ ।

ङ) खेलाडी दर्ता गराउँदा अनिवार्य रुपमा जन्म मिति खुल्ने कागजात, नागरिकताको प्रमाण पत्रको प्रतिलिपि बुझाउनु पर्ने छ ।

च) यस प्रतियोगितामा सहभागिताको लागि टिम दर्ता गर्न हेमजा युनाईटेड ले तोकेको मिति भित्र दर्ता शुल्क रु १०,०००। तिरी आयोजकले तोकेको अन्य कागजात सँगै पेश गर्नुपर्नेछ ।

**नियम (११) खेल नियमावली :**

प्रतियोगिताका सम्पुर्ण म्याचहरु विश्व फुटबल सहासंघ (FIFA) र आई एफ ए बोर्डद्वारा पारीत  गरी लागू गरेको लज अफ दि गेम (Laws of the Game) साथै आयोजक समितिद्वारा जारी गरिएको प्रतियोगिता नियमावलीलाई लागु गरी  खेलाईनेछ ।

**नियम(१२) खेल तालिका:**

यस प्रतियोगिताको खेल तालिका आयोजक समितिले निर्धारण गर्नेछ । कुनै पनि आकस्मिक प्राविधिक कारणवश खेल तालिका परिवर्तन गर्नु परेमा सोको अधिकार हेमजा युनाइटेडको कार्यसमितिमा निहित  रहनेछ ।

**नियम(१३) खेल अवधि:**

यस प्रतियोगितमा खेल ३०/३० मिनेट, क्वाटर फाईनलका खेलहरु ३५/३५ मिनेट र सेमिफाईनल तथा फाईनल खेल ४५/४५ मिनेट खेलाईनेछ । सबै खेलमा निर्धारीत समयमा खेल बराबरी भएमा पेनाल्टी सूटआउट बाट निर्णय गरीनेछ

**नियम(१४) वार्मिङ्ग अप:**

प्रतियोगितामा सहभागी टिमहरुले खेल मैदानमा म्याच शुरु हुनु भन्दा ५० मिनेट अगाडी मात्र वार्म अप  गर्न पाइनेछ । म्याच शुरु हुनु भन्दा २० मिनेट अघि आ-आफ्नो टिमको वार्मिङ्ग अप समाप्त गरी सक्नु पर्नेछ । साथै खेलको दौरानमा बढीमा ५ जना खेलाडीहरु मात्र एकै पटकमा वार्म अप गर्न पाईनेछ तर मैदानको अवस्था हेरी म्याच कमिस्नरले वर्म अप मैदान बाहिर पनि गराउन सक्नेछ ।

**नियम(१५) जर्सी कलर र किट्स :**

क) यस प्रतियोगितामा सहभागि टिमले आफ्नो वडाको जर्सि प्रयोग गर्नु पर्ने छ ।

ख) यदि जर्सि जुधेमा टस(Toss) द्वारा जर्सि निर्धारण गरीने छ ।

**नियम (१६)** ग्राउण्ड रिपोर्टिङ्ग

प्रत्येक टिमले खेल शुरु हुनु भन्दा अगाडि खेल्ने ११ खेलाडी तथा ७ जना  सुरक्षित खेलाडीहरु सहितको स्टार्टिङ्ग लिष्ट (Starting List) आयोजक वा म्याच कमिस्नरलाई बुझाउनु पर्नेछ र ७ जना सुरक्षित खेलाडीहरुसँग टिम म्यानेजर, कोच खेलाडी वक्समा बस्न पाउनेछन् ।

**नियम(१७)** सट्टा खेलाडी (Substitute Players):

प्रत्येक खेलमा कुनै पनि टीमले ७ सुक्षित खेलाडी मध्ये गोलकिपर सहित ५ खेलाडीहरु सट्टा  खेलाडीको रुपमा ३ पटकमा परिवर्तन गरी खेलाउन सक्नेछ ।

**नियम(१८)** प्रतियोगिता समिति : प्रतियोगिताको  प्रत्येक खेल सुचारु रुपले सञ्चालन गर्न प्रतियोगिता समितिले गरेका निर्णय अन्तिम र सर्वमान्य  हुनेछ ।

**नियम (१९)  रेफिको भुमिका :-**

प्रतियोगिता सम्पुर्ण खेलहरु जिल्ला फुटबल संघले नियुक्त गरेका रेफिहरुले सञ्चालन गर्नेछन ।  खेल दौरानमा रेफ्रिले लिएको निर्णय अन्तिम र मान्य हुनेछ । रेफ्रिको निर्णय उपर कुनै उजुर अपिल  लाग्ने छैन ।

**नियम (२०) चेतावनी तथा  निस्कासन :-**

क. म्याच दौरानमा कुनै खेलाडी वा अफिसियलले एक पटक पहेलो कार्ड  पाएमा निजलाई चेतावनी मात्र दिईनेछ र सोही खेलाडी वा अफिसियलले पुन अर्को पटक ( प्रतियोगिताको अन्य म्याचमा ) पहेलो कार्ड पाई  (२ पटक ) पाएमा
निजलाई आगामि एक म्याच खेल्नबाट निलम्वन गरिनेछ ।

ख । एकै म्याच दौरानमा कुनै खेलाडी वा अफिसियलले दुई पहेलो कार्ड (रातोकार्ड) पाएमा निजले खेल मैदानबाट निश्कासित हुनु पर्नेछ । निजले प्रतियोगिताको आगामि एक म्याच खेल्नबाट निलम्वन गरिनेछ साथै कार्डको गणना क्रमिक रुपले गर्दै जानेछ र कुनै खेलाडी वा अफिसियलले एक म्याचमा पहेलो कार्ड पाई रातो कार्ड पनि पाएमा निजले मैदान  निश्काशित हुनु पर्नेछ । पहेलो कार्डको गणना यथावत रहनेछ ।

ग. प्रतियोगिता दौरानमा कुनै खेलाडी वा अफिसियलले एक पटक पहेलो कार्ड पाईसके पछि अर्को म्याचमा पहेलो कार्डका साथै थप रातो कार्ड पाएमा र आगामि दुई दुई म्याच खेल्नबाट निलम्वित हुनेछ ।

घ . म्याच दौरानमा कुनै खेलाडीलाई सिधै रातो कार्ड पाएमा निज खेलाडी वा अफिसियलले खेल मैदानबाट निस्काशित हुनु पर्नेछ र आगामि एक म्याच खेल्नबाट निलम्वन गरिनेछ । साथै घटनाको प्रकृति  हेरी थप अनुशासनिक कारवाहि समेत गर्न सकिनेछ ।

ङ . माथी उल्लेखित रुपमा खेलाडीहरु वा अफिसियलले पाएको पहेलो तथा रातो कार्ड पाउदाको अवस्थामा सो घटनाको गम्भीरतालाई छानविन गरी अनुशासन समितिले थप अनुशासनिक कारवाहि समेत गर्न सकिनेछ ।

च. वडा तथा खेलाडीहरु विच मिलेमतो भएको सम्वन्धमा सम्वन्धित वडाबाट उजुर परेको अवस्थामा वा आयोजकले आफैले छानविन गर्दा मिलेमतो भएको ठहर भएमा सो वडा तथा खेलाडीलाई आर्थिक जरीवानाका साथै देशको प्रचलित कानुन तथा फिफा र एएफसी को नियमानुसार कारवाहि हुनेछ ।

**२१) नियम  खेल वहिस्कार :-**

क)  प्रतियोगितामा सहभागि हुने कुनै पनि टिमले प्रतियोगितामा सहभागिता हुन दर्ता गराई सके पछि वा खेल तालिका प्रकाशन गरी सकेपछि खेल वहिस्कार गर्न पाउने छैन ।

ख)  यस प्रतियोयितामा सहभागी कुनै टिमले खेल दौरानमा खेल बहिस्कार गरेमा विपक्षी टोलिलाई स्वतः विजयी घोषित गरिन्छ ।

**नियम ˙(२२) स्थगन खेल** (Abondonment of Match )

क. स्थगान खेल (Abondonment of Match):-

प्राकृतिको प्रकोप , प्रविधिक वा अन्य कुनै कारणले म्याच स्थगन हुन गएको खण्डमा सो खेल पुन खेलाउन मिती समय र स्थानको निधारण गरी आयोजक समितिले कम्तिमा २४ घण्टा (१) दिन अघि सूचना जारी गर्नेछ जुन सूचना सहभागि सबै टिमलाई मान्य हुनेछ। यसरी कुनै पनि कारणले स्थागत हुने गएको खेलको अवस्था जे जस्तो छ त्यहिबाट अर्को दिन खेलाईनेछ। उक्त स्थागत म्याचको पहेलो र रातो कार्डको गणना गरिनेछ।

**ख . रद्द म्याच (Cancelled Match) :-**

प्रकुतिको प्रकोप , प्राविधिक वा अन्य कुनै कारणले म्याच सुरु हुने नसकि रद्द भएमा कम्तिमा २४ घण्टा (१ दिन ) अघि सूचना जारी गरी अर्को दिन सो दिन म्याच खेलाईनेछ।

**नियम(२३) प्राथमिक उपचार तथा औषधि ब्यवस्था:-**

यस प्रतियोगिता सञ्चालनको दौरानामा कुनै पनि खेलाडीलाई खेल मैदान भित्र खेल खेल्दा कुनै चोटपटक तथा दुर्घटना भएको अवस्थनमा खेलाडीलाई आयोजक समितिले प्राथमिक उपचारको मात्र ब्यवस्था उपलब्ध गराईनेछ। खेलअवधि सम्मलाई पुरक विमाको व्यवस्था गरिनेछ।

**नियम(२४) डोपिङ्ग परिक्षण :–**

शक्तिवर्धक औषधि सेवन गरी कुनै पनि म्याच खेल्नपाईने छैन, आयोजक समितिले आवश्यकता अनुसार खेलाडीको डोपिङ्ग परिक्षा समेत गर्न सकिन्छ।

**नियम (२५) विरोध पत्र:-**

प्रतियोगिता अन्तर्गतको कुनै पनि टिमले आफुसँगको विपक्षि टिम विपक्षि टिम बिरुद्ध विरोध पत्र दर्ता गर्नु परेमा खेल सकेको १ घण्टा भित्र विरोध पत्र शुल्क रु. ५,०००/- (अक्षरुपि पाच हजार) सहित विरोध पत्र आयोजक समितिमा दर्ता गराउन सक्नेछ। सो वारे समितिले अध्ययन अनुसन्धान गरेर निर्णय गरीने छ।

**नियम (२६) टिम दर्ता मिति :-**

प्रतियोगितामा सहभागि हुन २०८२ जेष्ठ ८ गते दिउँसो ५बजे सम्ममा दर्ता गराई सक्नु पर्नेछ। भने १० गते भित्र सम्पुर्ण खेलाडी अफिसियलको फोटो सहितको कागजाद बुझाउनु पर्नेछ। प्रत्येक खेलाडी तथा अफिस्यिलको फोटो तथा नाममा सम्वन्धित वडा कार्यालयले प्रमाणीत गरि पठाउन पर्नेछ।

## परिच्छेद-३

### आर्थिक पक्ष एवम् पुरस्कार

पुरस्कार व्यवस्था :- यस प्रतियोगितामा तपसिलको पुरस्कार व्यवस्था गरिएकोछ ।

क. प्रथम पुरस्कार नगदी रु. १,११,१११/-, ट्रफि, मेडल र प्रमाण पत्र

ख. द्वित्तिय पुरस्कार नगदी रु. ५५,५५५/-, ट्रफि, मेडल र प्रमाण पत्र

ग. उत्कृष्ट बिधागत पुरस्कार तपसिल बमोजिम आकर्षक व्यवस्था गरीनेछ ।

१.सर्वाधिक गोलकर्ता, २.गोलरक्षक, ३.डिफेन्डर, ४.मिडफिल्ड, ५.फरवाड ६.प्रशिक्षक

घ. प्रतियोगिता अवधिभरको सर्वोकृष्ट खेलाडीलाई नगद सहित आकर्षक व्यवस्था गरीनेछ

ङ. क्वाटरफाईनल देखिका खेलहरुमा म्यान अफ दि म्याच घोषणा गरी व्यवस्था गरीनेछ ।

च. यस प्रतियोगितामा दिइने पुरस्कार रकममा नेपाल सरकारको नियम अनुसार करकट्टी गरिनेछ ।

### टिम दर्ता शुल्क तथा आर्थीक पक्ष :-

१. यस प्रतियोगितामा सहभागिता हुन टिमदर्ता शुल्क रु १००००/- (अक्षरुपि दश हजार)

२. यस प्रतियोगिामा सहभागि टिमहरुलाई टिम तयारि, आतेजाते बापतको तथा अन्य कुनै पनि खर्च भार आयोजकले व्यहोर्ने छैन ।

## परिच्छेद-४

## विविध

<u>सारांश</u>

**१.वादविवाद** :- यस प्रतियोगिताका सम्वन्धमा कुनै पनि वादविवादलाई समाधान गर्ने अधिकार हेमजा युनाईटेडमा रहने छ ।

**२. नियमावलीको ब्याख्या** :-यस नियमावलीको विस्तृत ब्याख्या गनु परेमा सोको अधिकार हेमजा युनाईटेडमा मात्र रहने छ। सो सबैमा सहभागि टिमहरुलाई मान्य हुनेछ ।

**३. नियमावली संशोधनः**-यस प्रतियोगिता नियमावलिको संसोधन गर्नु परेमा प्रतियोगितामा सहभागि आपसि सहमतिमा संसोधन गर्न सकने अधिकार आयोजकमा मात्र निहित रहने छ ।

४. यस नियमावलीलाई लागु गर्ने सर्वोपरिता हेमजा युनाईटेड मात्र अन्तर्निहित रहने छ ।

**५.वाधा अड्काउ** : यस नियमावली बमोजिम कार्य गर्दा कुनै बाधाअड्काउ आएमा हेमजा युनाईटेडले आवश्यक निर्णय गरी वाधा अड्काउ फुकुवा गर्न सकिनेछ ।